नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट

कर्णाली प्रदेश नेपाल

पत्र संख्या : २०७७७८
चलानी नं. :

मितिः २०७८/०१/२०

विषय :- नगरवासी सम्पूर्ण महानुभावहरुमा हार्दिक अपिल ।

प्रस्तुत विषय सम्वन्धमा हाल विश्वभरी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमणबाट नेपालका विभिन्न जिल्लाहरु, विभिन्न गाउँपालिका तथा नगरपालिकाहरु उच्च जोखिममा रहेको व्यहोरा अवगत नै छ । कोभिड-१९ को कारणले नेपालका विभिन्न स्थानहरुमा दिन प्रतिदिन मानिसको मृत्युदर बढ्दै गईरहेको अवस्थामा नलगाड नगरपालिकामा मिति २०७८।०१।१७ र १९ गते संकास्पद लक्षण देखिएका १४ जना व्यक्तिहरुको Rapid Antigene Test गरेकोमा नलगाड नगरपालिकामा कार्यरत कर्मचारी, स्वास्थ्यकर्मी सहित ५ जनामा कोरोना संक्रमण पुष्टि हुन आएकोले अनावश्यक रुपमा भिडभाड नगर्ने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्ति वीचको दुरी दुई मिटर कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, पटक पटक सावुन पानीले हात धुने कार्य गरिदिनु हुन अनुरोध छ । साथै जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।०१।१५ मा जारी गरेको आदेश अनुसार मिति २०७८।०१।१८ गते राति १२:०० बजे देखि मिति २०७८।१।२५ गते राति १२:०० बजेसम्म निषेधाज्ञा जारी गरकोले त्यसको पूर्ण रुपमा पालना गरी एक वडाबाट अर्को वडा, एक बस्तीबाट अर्को बस्तीमा नजानु हुन आम नगरवासी दाजुभाई, दिदीबहिनी तथा महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

२०७८/१/20
टेक बहादुर रावल
(नगर प्रमुख)
टेक बहादुर रावल
नगर प्रमुख